# सामुदायिक एवं संस्थागत विद्यालयको शिक्षक व्यवस्थापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय अन्तर्गत स्नातकोत्तर द्वितीय
वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि शैक्षिक योजना
तथा व्यवस्थापन विभागमा प्रस्तुत

**शोधपत्र**


प्रस्तुतकर्ता

विष्णुप्रसाद निरौला

परीक्षा रो.नं. २१४००७७/२०६६

त्रि. वि. दर्ता नं. ९-२-२१४-६८२-२००४

शैक्षिक सत्र : २०६४/२०६५



सुकुना बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

कोसीहरैचा, मोरङ


२०७१


सामुदायिक एवं संस्थागत विद्यालयको शिक्षक व्यवस्थापन -विष्णुप्रसाद निरौला

# कृतज्ञताज्ञापन

इलाम जिल्लाका "सामुदायिक एवं संस्थागत विद्यालयको शिक्षक व्यवस्थापन" शीर्षकमा यो शोधपत्र तयार पारिएको हो । यस शोध कार्यमा सामुदायिक र संस्थागत विद्यालयको शिक्षण सिकाइको अवस्था, शिक्षण सिकाइमा फरक आउनाका कारणहरू पत्ता लगाउने र दुवै विद्यालयका समस्याहरू र सामाधानका उपायहरू पत्ता लगाउने उद्देश्यले अध्ययन गरिएको छ ।

यस शोधपत्र तयार गर्ने क्रममा शोध प्रस्तावनार्को प्रारम्भदेखि अन्त्य सम्म नियमित सुपरिवेक्षण, मार्ग निर्देशन र अमूल्य सुझाव दिनुहुने शोध निर्देशक श्री गणेशप्रसाद दहाल ज्यूलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोधपत्र तयार गर्दा अमूल्य सुझाव दिनुहुने सहयाक क्याम्पस प्रमुख श्री प्रेमप्रसाद भट्टराई ज्यू, श्री उमानाथ भट्टराईज्यूमा हार्दिक कृतज्ञताज्ञापन गर्दछु । यस शोधपत्रलाई स्वीकृती प्रदान गर्नु हुने सहायक क्याम्पस प्रमुख तथा विभागीय प्रमुख श्री लक्ष्मीकुमार श्रेष्ठज्यूलाई साथै यस क्याम्पसका क्याम्पस प्रमुख श्री पीतकुमार श्रेष्ठ ज्यू र यस क्याम्पसका सम्पूर्ण आदरणीय गुरूहरूप्रति पनि आभार प्रकट गर्दछु ।

अध्ययनको कममा तथ्यांक एवम् सूचना उपलब्ध गराएर सहयोग पुऱ्याउनु हुने नमुना छनौटमा परेका विद्यालयको प्र.अ., शिक्षक, वि.व्य.स. अध्यक्ष, स्रोतव्यक्ति, विद्यार्थी र अभिभावकहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा यस शोध पत्रलाई कम्प्युटर टाइप गरी विशेष सहयोग पुऱ्याउने मोर्डन डिजिटल फोटो स्टुडियो तथा कम्युनिकेशन सेन्टर, सुकुना मोरङका प्रोपोराइटर धर्मेन्द्र दुलाललाई पनि धन्यवाद दिन चाहान्छु साथै प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभावलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

मिति : २०७१/ /

विष्णुप्रसाद निरौला

# शोधसार

माध्यमिक विद्यालय तहको अन्तमा लिइने राष्ट्रिय स्तरको एस.एल.सी. परीक्षामा देशमा संचालन भैरहेका "सामुदायिक एवं संस्थागत विद्यालयको शिक्षक व्यवस्थापन" शीर्षकअन्तर्गत सामुदायिक एवम संस्थागत विद्यालयका शिक्षक व्यवस्थापनको अवस्थालाई मुख्य उद्देश्य राखि व्याख्या तथा विश्लेषण गरिएको छ ।

अध्ययन क्षेत्रको सामुदायिक र संस्थागत माध्यमिक विद्यालयको कक्षाकोठा शिक्षण सिकाइको अवस्था, उक्त विद्यालयका शिक्षक व्यवस्थापनले शिक्षण सिकाइमा फरक आउनाका कारणहरू र दुबै थरी विद्यालयका समस्या र सामाधानका उपायहरू पत्ता लगाउने उदेश्यले गरिएको यस शोधकार्यमा प्र.अ., शिक्षक, विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र विद्यार्थीका लागि खुला अन्तर्वार्ता प्रश्नावली र शिक्षकको कक्षाकोठा शिक्षणको अवलोकन गर्न कक्षा अवलोकन फारामको निर्माण तथा प्रयोग गरी प्राथमिक तथा सहायक तथ्याङ्कबाट सूचना संकलन गरिएको छ । अध्ययनको क्रममा विद्यालयको तथ्याङ्क फाराम,उपस्थिति पुस्तिका, अन्तर्वार्ता तथा कक्षा अवलोकन र छलफलबाट प्राप्त सूचनालाई गुणात्मक एवं संख्यात्मक विधि अपनाई विश्लेषण एवं व्याख्या गर्दा अध्ययन क्षेत्र भित्रका सामुदायिक विद्यालयका शिक्षकहरूको तालिम, अनुभव ,दक्षता तलव,भत्ता संस्थागत विद्यालयको तुलनामा राम्रो भएता पनि कक्षाकोठाको शिक्षण सिकाइ प्रभावकारी नभएको पाइयो । साथै सामुदायिक विद्यालयका शिक्षकको अनियमितता, पेशाप्रति कर्तव्यवोध नहुनाको कारण सिकाइ उपलब्धि न्यून रहेको पाइयो ।

सामुदायिक विद्यालयमा अधिकांश शिक्षकहरूको दरबन्दी सरकारी तवरले कायम भएको पाइयो । शिषक नियुक्ति प्रक्रिया विषयगत रुपमा हुने व्यवस्था भए पनि ठूलाबडाको दवाव कम्जोर व्यवस्थापन समितिका कारण कति पय विषयमा अन्य विषयका शिक्षक नियुक्ति गरेको पाइयो । राजनैतिक दवावका कारण प्र.अ. तथा व्यवस्थापन समितिले नियम कानुनमा व्यवस्था भए बमोजिम शिक्षक व्यवस्थापनमा उचित भूमिका निर्वाह गर्न नसकेको पाइयो । संस्थागत विद्यालयमा विषयगत र तालिम प्राप्त शिक्षकका लागि आवश्यक सेवा सर्त र तलबको राम्रो व्यवस्था नभएकोले योग्यता पुगेका शिक्षकहरूको सङ्ख्या कम देखियो । यति हुँदाहुदै पनि शिक्षक उपलब्धि संस्थागत विद्यालयको राम्रो पाइयो ।

सामुदायिक विद्यालयको शिक्षण सिकाइमा भएका समस्या सामाधान गर्न वि.नि. र स्रोत व्यक्तिले महिनामा एक पटक अनिवार्य रूपमा विद्यालयको निरीक्षण गरी सुझाव दिनु पर्ने, विद्यालय

व्यवस्थापन समिति, प्र.अ.,शिक्षक र अभिभावकहरूले शिक्षाको गुणस्तर उकास्न सक्रिय भएर लाग्नु पर्ने र आवश्यक मात्रामा कक्षाकोठा, शिक्षक र शैक्षिक सामग्रीको व्यवस्था गरी शिक्षण सिकाइ प्रभावकारी रूपमा गर्नुपर्ने देखिन्छ। त्यसैगरी संस्थागत विद्यालयको शिक्षण सिकाइमा भएका समस्या सामाधान गर्न संस्थागत विद्यालयका शिक्षकलाई पनि सेवाकालीन तालिमको व्यवस्था गर्नुपर्ने, शिक्षकहरूलाई नियुक्ति-पत्र दिने, स्थायी गर्ने र आवश्यक मात्रामा शैक्षिक सामग्रीको व्यवस्था गर्नुपर्ने देखिन्छ।

# विषयसूची

पृष्ठ सङ्ख्या

सिफारिस पत्र

स्वीकृति पत्र

कृतज्ञताज्ञापन

शोधसार

तालिकासूची

सङ्क्षिप्त शब्दको पूरा रूप

परिच्छेद एक : परिचय

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ३

१.३ अध्ययनको औचित्य ४

१.४अध्ययनको उद्देश्य ४

१.५ अनुसन्धानात्मक प्रश्न ४

१.६ अध्ययनको परिसीमा ५

परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

२.१ सम्वन्धित साहित्यको पुनरावलोकन ६

२.२ सैद्धान्तिक खाका ९

२.३ पुनरावलोकनको उपादेयता १०

परिच्छेद  तीन : अध्ययन विधि

३.१.अनुसन्धानात्मक ढाँचा १२

३.२ जनसंख्या तथा नमूनाको आकार १२

    ३.२.१ नमुना छनौट विधि १२

    ३.२.२ नमूना छनौटको आधार १२

३.३ अनुसन्धानका साधनहरू १३

३.४ तथ्यांकका स्रोतहरू १३

३.५ तथ्यांक संकलन विधि १४

३.६ तथ्यांक विश्लेषण विधि १४

## परिच्छेद चार : नतिजा र छलफल


४.१ शिक्षक व्यवस्थापनको अवस्था १५

४.१.१ शिक्षा ऐन र नियमावलीअनुसार शिक्षकहरूको व्यवस्था १६

४.१.२ सामुदायिक तथा संस्थागत विद्यालयमा शिक्षक व्यवस्थापन १७

४.१.३ विषयगत शिक्षक व्यवस्थापन १७

४.१.४ शैक्षिक सामग्रीको व्यवस्थापन १७

४.१.५ शिक्षकको सक्रियता १९

४.१.६ विद्यार्थीको सक्रियता २०

४.१.७ कक्षाको वातावरण व्यवस्थापन २१

४.२ शिक्षक व्यवस्थापनले सिकाइमा फरक आउनाका कारणहरू २३

४.२.१ शिक्षक व्यवस्थापनमा समिति र प्रशासनको भूमिका २३

४.२.२ विद्यालय सञ्चालन र अध्यापन हुने दिन २५

४.२.३ शिक्षक व्यवस्थापनमा प्र.अ.को भूमिका २५

४.२.४ व्यवस्थापन मूल्याङ्कन प्रणाली २६

४.३ शिक्षक व्यवस्थापनका समस्याहरू र समाधानका उपायहरू २७

४.३.१ शिक्षक व्यवस्थापनका समस्याहरू २७

४.३.१ शिक्षक व्यवस्थापनका समस्या समाधान गर्ने उपायहरू २८


## परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू


५.१ प्राप्ति २९

५.२ निष्कर्ष ३०

५.३ सुझावहरू ३२

५.३.१ नीतिगत तह ३२

५.३.२ कार्यान्वयन तह ३३

५.३.३ अनुसन्धान तह ३४

सन्दर्भसूची

अनुसूची

# तालिकासूची

पृष्ठ सङ्ख्या


तालिका १: सामुदायिक तथा संस्थागत विद्यालयमा शिक्षक व्यवस्थापन १६

तालिका २: विषयगत शिक्षक व्यवस्थापन १७

तालिका ३: शैक्षिक सामग्रीको व्यवस्थापन १८

तालिका ४: सामुदायिक र संस्थागष्त माध्यमिक विद्यालयका शिक्षक उपस्थिति २०

तालिका ५: सामुदायिक र संस्थागत माध्यमिक विद्यालयको औसत विद्यार्थी उपस्थिति २१

# सङक्षिप्त शब्दको पूरा रूप

| | |
|---|---|
| प्र.अ. | प्रधानाध्यापक |
| मा.वि. | माध्यमिक विद्यालय |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| गा.वि.स. | गाउँ विकास समिति |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| जि.सि.का | जिल्ला शिक्षा कार्यालय |
| वि.नि | विद्यालय निरीक्षक |